# रूपन्देही क्याम्पस जर्नल

## Rupandehi Campus Journal

२

रूपन्देही क्याम्पस
सिद्धार्थनगर, रूपन्देही

**Rupandehi Campus**
Siddharthanagar, Rupandehi

# रूपन्देही क्याम्पस जर्नल
# (Rupandehi Campus Journal)

अङ्क २, २०७४ जेठ Volume 2, 2017 June

**संरक्षक**
बाबुराम अर्याल
क्याम्पसप्रमुख

**सम्पादन**
प्रा.डा. कपिलदेव लामिछाने
प्रा.डा. गितु गिरी
सहप्रा. डिल्लीराज भट्टराई

रूपन्देही क्याम्पस सिद्धार्थनगर
Rupandehi Campus Siddharthanagar

## विषयसूची

भोजपुरी गाउँखाने कथाको सांस्कृतिक अध्ययन — प्रा. कपिलदेव लामिछाने / १

विजय मल्ल र उनको अनुराधा उपन्यासको विश्लेषण — डिल्लीराज भट्टराई / १५

Tilaurakot: Capital City of Ancient Kapilavastu — Prof. Gitu Giri / २४

Project Learning Practice — Balmukunda Upadhayay / ३२

Struggle of Individuals against Social Forces — *Parthivendra Upadhyaya & Dharma Raj Bhandari* / ४२

# भोजपुरी गाउँखाने कथाको सांस्कृतिक अध्ययन

प्रा. डा. कपिलदेव लामिछाने

*[प्रस्तुत अनुसन्धानात्मक लेखमा लोकवार्ताको एउटा महत्त्वपूर्ण पक्ष भोजपुरी गाउँखाने कथाको सांस्कृतिक अध्ययन गरिएको छ । यस क्रममा यहाँ संस्कृतिको सामान्य परिचय दिँदै कृषि र पशुपालन, वेशभूषा र आभूषण, खानपान, जातजाति र नातागोता, घरायसी उपकरण, लोकविश्वास, भूगोल र प्रकृति, खेलकुद र सङ्गीत आदिका कोणबाट भोजपुरी गाउँखाने कथाको अध्ययन भएको छ भने यस्तो व्यापक सांस्कृतिक महत्त्वको बुझौवल लोपोन्मुख अवस्थामा पुगेको निष्कर्षमा पुग्दै यसको समुचित सङ्कलन र संरक्षणमा जोड दिइएको छ ।]*

## १. विषयप्रवेश

भोजपुरी समुदायले लोकगीत गाएर, लीला नचरी लगाएर, लोकनाटक देखाएर, लोकगाथा गाएर, कथा हालेर तथा बुझौवल बुझाएर परम्परादेखि मनोरञ्जन, शिक्षा वा ज्ञानार्जन र मनोविनोद गर्दै आएको छ । लोकभाषा आफैं संस्कृति हो । लोकसाहित्यिक रचनाहरू स्वयम् संस्कृति हुन् भने ती त्यस संस्कृतिका संवाहक पनि हुन् । भोजपुरी लोकसाहित्य समृद्ध भए पनि विज्ञान, प्रविधि र सभ्यताको विकासका कारण त्यो समृद्ध अमूर्त सम्पदा दिनानुदिन प्रयोग प्रचलनबाट टाढिँदो छ । यस्तो अवस्थामा तिनको सङ्कलन, संरक्षण र अध्ययन गरी भविष्यका लागि अभिलेखीकरण गर्नु यतिखेरको प्राज्ञिक कार्य हुन आएको छ । सङ्कलनका लागि गाउँगाउँ पुग्दा यसका प्रयोक्ता पर्याप्त पाइँदैनन् र पाइहाले पनि 'भुलागइली' भनी पन्छिन खोज्ने गर्छन् । वास्तवमा भोजपुरी गाउँखाने कथा पहिले झैं प्रयोग प्रचलनमा रहेको पाइँदैन भने सङ्कलन तथा कुनै व्यवस्थित अध्ययन भएको पनि देखिँदैन । त्यसैले यो अवस्था सोचनीय अवस्था हो । प्रस्तुत सन्दर्भमा भोजपुरी भाषा र समुदायको सङ्क्षिप्त परिचय दिँदै विशेषत: रूपन्देही र नवलपरासीको लोकजीवनबाट सङ्कलित भोजपुरी गाउँखाने कथालाई आधार सामग्री वा नमुना मानी नेपालमा प्रचलित भोजपुरी बुझौवलको सङ्क्षेपमा सांस्कृतिक अध्ययन गरिएको छ ।

## २. भोजपुरी भाषा र समुदाय

भोजपुरी शब्दले एउटा आधुनिक आर्य भाषा तथा सो भाषा बोल्ने एउटा भाषिक समुदायलाई समेत बुझाउँछ । उत्तरी भारत र दक्षिणी नेपाल, मरिसस, फिजी, केन्या, म्यानमार आदि देश र क्षेत्रमा भोजपुरी भाषा जनभाषाका रूपमा व्यवहृत हुँदै आएको छ । भारतको विहार र उत्तर प्रदेश प्रान्तमा यो व्यापक रूपमा बोलिन्छ । भोजपुरी नेपाली र हिन्दी जस्तै संस्कृत मूलबाट विकसित एक आधुनिक आर्यभाषा हो । नेपालका सन्दर्भमा जनकपुर अञ्चलको सर्लाही, नारायणी अञ्चलका रौतहट, बारा, पर्सा, चितवन र लुम्बिनी अञ्चलका नवलपरासी र रूपन्देही जिल्ला भोजपुरी भाषी जिल्लाहरू हुन् (ठाकुर, २०७२:७) । यी जिल्लाका केही स्थानमा र देशका अन्य स्थानमा पनि यसका वक्ताहरू छरिएर रहेका छन् । राष्ट्रिय जनगणना

२०६८ को प्रतिवेदन (२०६९) अनुसार नेपालमा १५ लाख ८४ हजार ९५८ जनसङ्ख्याले भोजपुरी भाषालाई मातृभाषाका रूपमा बोल्दछन् । यो सङ्ख्या कुल जनसङ्ख्याको ५.९८ प्रतिशत हो । २०५८ मा भोजपुरी भाषाभाषी ७.५३ प्रतिशत रहेकोमा २०६८ मा ५.९८ प्रतिशत हुन पुगेको छ । भोजपुरीको मात्र होइन, नेपाली, मैथिली, थारू आदि सबै ठुला भाषाको स्थिति पनि यस्तै देखा पर्दछ । २०५८ मा ९२ भाषा रहेकोमा २०६८ मा १२३ भाषा देखाइएको छ । यस्तो नतिजा भाषावैज्ञानिक अध्ययनबाट आएको नभई जनगणनाबाट आएको हो । जे होस् यो जनसङ्ख्याका दृष्टिले नेपालको तेस्रो ठुलो भाषाका रूपमा रहेको छ । यो भारतको भने प्रमुख दोस्रो भाषा हो (ठाकुर, २०७२:५) । यस्ता तथ्यले भोजपुरी भाषा र भोजपुरी भाषिक समुदायको व्यापक उपस्थितिलाई देखाउँछ ।

विस्तृत भूभागमा फैलिएको तथा विभिन्न अन्य भाषाका संसर्गमा रहेको आदि कारणबाट भोजपुरीका विभिन्न कथ्य भेद (भाषिका) विकसित भएका छन् । विद्वान्हरूले रौतहटको भोजपुरीलाई पूर्वी, बारा-पर्साको भोजपुरीलाई केन्द्रीय र रूपन्देही-नवलपरासीको भोजपुरीलाई पश्चिमी भोजपुरीको संज्ञा दिएको पाइन्छ (अश्क, २०६१:६) । भोजपुरी भाषा मातृभाषाका रूपमा बोल्नेहरूको समूहलाई भोजपुरी भाषिक समुदाय भन्न सकिन्छ । विभिन्न थर र जातजातिका मानिसहरूले भोजपुरी भाषालाई मातृभाषाका रूपमा बोल्ने हुँदा भोजपुरी समुदाय जातीय समुदाय नभएर विशुद्ध भाषिक समुदायका रूपमा रहेको छ ।

## ३. गाउँखाने कथा

नेपालीमा जुन विधालाई गाउँखाने कथा भनिन्छ, त्यसलाई भोजपुरी भाषिक समुदायमा बुझौवल भनिन्छ । अङ्ग्रेजीको रिडल, हिन्दीको पहेली र नेपालीको गाउँखाने कथाकै तात्पर्यमा भोजपुरी भाषामा बुझौवल भन्दै आएको पाइन्छ । बुझौवल बुझ्ना (बुझ्नु) बाट विकसित शब्द हो । केही स्थानमा बुझौलिया भनेको पनि पाइन्छ ।

गाउँखाने कथा सुनिश्चित उत्तरको अपेक्षा गरिने समस्या वा प्रश्न हो । यसमा प्रस्तुतकर्ताले कुनै वस्तु वा कार्यव्यापारको मुख्य लक्षण वा चिनारी लुकाई घुमाउरो परामा प्रश्न राख्छ । द्वितीय पक्षले सोचेर वा गमेर त्यसको उत्तर दिन्छ । उत्तर दिन नसकेमा वा दिएको उत्तर नमिलेमा प्रथम पक्षले गाउँ माग्छ र द्वितीय पक्षले कुनै गाउँ दिन्छ । यसरी गाउँ पाएपछि वा गाउँ खाएपछि फलानो वा तेरो गाउँ यस्तोउस्तो आदि भन्दै गाउँ दिने पक्षको निन्दा र आफ्नो गाउँको प्रशंसा गर्दै उत्तर बताउँछ (लामिछाने, २०६८:२१) । यस्ता लोकरचनाको प्रस्तुति र प्रक्रियाबाट लोकसमुदायले मनोरञ्जन, बुद्धि परीक्षा र बुद्धिविनोद, शिक्षा वा ज्ञानार्जन गर्ने गरेको पाइन्छ । यसका अनेक प्रयोजन भए पनि मनोरञ्जन मुख्य रूपमा रहेको देखिन्छ । भोजपुरी समुदाय पनि बुझौवलको प्रयोग मुख्यतया मनोरञ्जनकै निमित्त गर्ने गर्दछ । बुझौवलमा नेपाली गाउँखाने कथामा झैं उत्तर नजान्दा गाउँ माग्ने, गाउँ दिने र गाउँ खाने र उत्तर बताउने ढाँचा वा कथनपद्धति छैन । तथापि समस्याको निदान वा समाधान दिनुपर्ने अर्थात् बुझ्नु पर्ने बाध्यता भने अवश्य छ । त्यसैले यसलाई बुझौवल भनिएको हुन सक्दछ ।

गाउँखाने कथा कुनै उमेर समूह वा सामाजिक वर्गको विषयमात्र होइन । हरेक उमेर समूह र सामाजिक वर्ग सम्बद्ध जनसमुदायले गाउँखाने कथाको उपयोग गरेको पाइन्छ । कृष्णदेव उपाध्यायले बुझौवल बालबालिकाको मनोरञ्जनका लागि प्रयोग गरिने बताएका छन् (उपाध्याय, सन् २००८:४१०) । वस्तुतः गाउँखाने कथा बालबालिका, युवायुवती र प्रौढ सबैलाई मनोरञ्जन दिने लोकरचना हो । यो एक प्रकारको वाक्चातुर्य हो, जसबाट मनोरञ्जन र ज्ञानार्जन हुन सक्दछ । बालबालिका सुन्दै सिक्दै र अनुभव गर्दै रहने आयुवर्ग भएकाले उसमा उत्सुकता, जिज्ञासा हुनु स्वाभाविक छ । वयस्कले यो अवस्था पार गरिसकेको र सुनिसकेको जानिसकेको हुन्छ । नसुनेको नजनेकाको जतिसुकै पाको र मै हुँ भन्नेलाई पनि 'छक्का छुडाउने' वा पसिना कढाउने शक्ति, सामर्थ्य र चातुर्य गाउँखाने कथामा अन्तर्निहित हुन्छ ।

पहिले विद्वान्हरूका ठुल्ठुला गोष्ठी, यज्ञ र जमघटमा समेत गाउँखाने कथाको प्रयोग हुने गर्थ्यो । हुँदा हुँदा अब यो कृष्णदेव उपाध्यायले भने झैं बालबालिकामा सीमित हुने अवस्थामा पुगेको छ ।

## ४. संस्कृतिको तात्पर्य

गाउँखाने कथा स्वयम् संस्कृतिको एक अङ्ग हो भने यो निश्चित समुदायको संस्कृतिको संवाहक पनि हो । संस्कृतिका अनेक सन्दर्भपरक अर्थ र आशय हुन सक्छन् । प्रस्तुत सन्दर्भमा संस्कृति भन्नाले कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था, आदिमा प्रतिबिम्बित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूप बुझिन्छ । यस्तै, धेरै समयदेखि देशकाल सापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको र आचारविचार, रहनसहन आदिका माध्यमले कुनै राष्ट्र समाज, जाति आदिको स्वरूप खुट्टिने यावत् मान्यता, भावना, चिन्तन-मनन, भौतिक, अभिव्यक्तिहरू समेतको समूह वा साधनलाई पनि संस्कृतिले बुझाउँछ (पोखरेल, २०६७:१२०९) । अनि सांस्कृतिक भन्नाले त्यही संस्कृतिसँग सम्बन्धित भन्ने बुझिन्छ ।

कुनै समुदायले आजीविकाका निमित्त अँगालेको पेसा व्यवसाय, उसले प्रयोग गर्ने वेशभूषा र आभूषण, उसको खानपान, उसका जातजाति र नातागोता, उसले प्रयोग गर्ने घर र घरायसी उपकरण, उसका विश्वास र मूल्य मान्यता, उसको सेरोफेरोको भूगोल र प्रकृति, मनोविनोदका लागि उसले प्रयोग गर्ने खेल र वाद्यसङ्गीत जस्ता यावत् विषय सन्दर्भ संस्कृतिकै द्योतक हुन् । संस्कृतिका बोधक सूचक परिसूचक पनि हुन् ।

यस्ता सांस्कृतिक प्रतिबिम्बहरू लोकसाहित्यमा पनि पाउन सकिन्छ । लोकगीत, लोकगाथा, लोकनाटक, लोककथा, गाउँखाने कथा र उखान आदि आफैं पनि संस्कृतिका अङ्ग हुन् भने यिनमा संस्कृतिका उक्त पक्षहरू अन्तर्निहित भएर रहेका हुन्छन् । भोजपुरी बुझौवलमा पनि संस्कृति प्रतिबिम्ब हुनु स्वाभाविकै छ ।

## ५. भोजपुरी गाउँखाने कथामा प्रतिबिम्बित संस्कृति

नेपालको भोजपुरी भाषिक समुदाय नेपालको तराई क्षेत्रमा बसोबास गर्ने भाषिक समुदाय भएकाले उसले प्रयोग प्रचलन गर्दै आएको गाउँखाने कथा (बुझौवल) मा त्यसै सेरोफेरोको तदनुरूपको संस्कृति मुखरित भएको पाइन्छ ।

## ५.१ खेती किसानी र पशुपालन

आजीविकाका लागि मानिसहरू कुनै न कुनै पेसा, व्यवसाय वा इलम अँगाल्छन् । भोजपुरी समुदायको परम्परागत मुख्य पेसा खेती किसानी र पशुपालन रहेको छ । प्राय: सबैसित धेरथोर जग्गा जमिन रहेको हुन्छ । कोही अत्यधिक जमिनका मालिक भएका हुन्छन्, जसलाई जमिनदार भन्ने गरिन्छ । केही यस्ता किसान पनि छन्, जससित जमिन हुँदैन र जीवनभर जमिनदारकै जमिनलाई खनजोत गरी उर्वर बनाउँछन् । खेती गर्छन् र जमिनदारका भण्डार वा गोदाम भर्छन् । खेती किसानीका लागि गोरु, भैंसी, हलो, जुवा, सिँचाइका लागि कुलो, पैनी, ढेंकुल आवश्यक हुन्छन् । पशुपालन कृषिको अभिन्न अङ्ग नै हो । यस समुदायका मानिसहरू परम्परादेखि गाई, भैंसी, भेडा, बाखा, सुँगुर, हाँस, परेवा जस्ता पशुपन्छी पाल्दछन् । ताल, तलैया र पोखरीमा सिँघडा लगाउँछन् र माछा पाल्छन् । भोजपुरी गाउँखाने कथा (बुझौवल) मा सिँघडा, मुला, चना, गहुँ, केरा, अन्डा, गाजर, उखु, प्याज, खर्बुजा, सुपारी, लौका, मुसुरो आदि जस्ता कृषिजन्य उपज तथा ढिकी, जाँतो, हलो, फाली, हँसिया जस्ता कृषि उपकरण व्यापक रूपमा आइरहन्छन् । केही उदाहरण :

(१) अगल-बगल खूँटा, गाय मरखनी, दूध मीठा । (सिंघडा)

(२) जब हम रहनि बारि कुआंरी,
तब हम पहिरनी सोरह सारी,
जब हम भइनी बिअहन जोगवा[1],
लागेवा देखे खोल खोल सारी । (मकई/भुट्टा)

(३) अत चाकरी, पत चाकरी, पूत ढकाना । (कुम्हडा÷लौकी)

(४) उज्जर मुस हरिएर पूँछ,
खाएक हो त सब से पूछ । (मूली)

(५) एक पहलवान के पेटवे काटल । (गेहूँ)

(६) जब मैं रहलूं आरी बारी,
तब पहिरलूं दोहरी सारी,
जब मैं भइलूं जोग जवान,
तब लहंगा खोल खोल देखे किसान । (ईख)

---

[1] विवाहित महिला

(७) लरकइयां मैं चोंथा चोंथी,
जवानी में फूल बिराजे,
आ बुढाई में भुन भुन बाजे । (चना)

(८) छोटी मुटकी रानी, पत्थल पुरानी,
फोडो तो सिन्दूरदानी । (मसूर)

(९) तऽर तमेडी[२], ऊपर भंडा,
जेकर पात सहस्सर खंडा । (ओल)

(१०) छिछली गडहिया में आंकड बहुत,
आंकड फूटि गइले, रकत बहुत । (हल्दी)

यहाँ (१) देखि (१०) सम्मका गाउँखाने कथाका उत्तरमा आएका सिंघडा, मकई/भुट्टा, कुम्हडा/लौकी, मूली, गेहूँ, ईख, चना, मसूर, ओल र हल्दी आदि कृषि उपज हुन् । यी कृषि व्यवसायका प्रतिफल हुन् । भोजपुरी समुदाय यस्तै यस्तै आवश्यक कृषि उत्पादनका लागि कृषि व्यवसायमा संलग्न भई आएको हो । कृषि औजार नभई कृषि हुँदैन । भोजपुरी बुझौवलमा तिनको पनि उपस्थिति रहेको छ । केही उदाहरण :

(११) काठ के कोठरी लोहा के ठोर,
चल गे कोठरी गामक ओर । (हल)

(१२) एतुकना मुसरी, पहार तर घुसरी । (फाल)

(१३) कारी गाय, समूचा खेत खाय । (हँसुआ)

(१४) चलले दुनिया त जानले जहान,
दस गो टँगडी छै गो कान । (हेंगा)

(१५) खट्-खट्-खट्-खट् ताल बाजे झन्-झन् बाजे चूडी,
आँख के नीचे लोर चुए, गाढ में अटकल मूडी । (कोल्हू)

(१६) तरे मेहा, ऊपर खलिहान,
तापर खेती करत किसान । (कुम्हार का चाक)

[२] डन्डा

(१७) अताल गइले चिरई, पाताल मोर बच्चा,
हुच्चुक मारे चिरई, पिआब मोर बच्चा । (ढेंकुल)

यहाँ (११) देखि (१५) सम्मका गाउँखाने कथाका उत्तरमा आएका हलो, फाली, हँसुआ, हेंगा, कोल्हु आदि वस्तु कृषि उपकरण हुन् । यसले भोजपुरी समुदायले मुख्यतः कृषि तथा पशुपालनलाई आफ्नो आजीविका बनाएको देखाउँछ । कृषिका साथै कोही माटाका भाँडा बनाउँछन् । यसलाई (१६) को बुझौवलले बुझाएको छ । खोलानाला, डोक्सा आदिको पानी खेतीमा लगाउन ढिकी जस्तै खुट्टाले अँठ्याएर पानीलाई लिफ्टिङ गर्न ढेंकुलको प्रयोग गर्ने गरिन्छ, जसलाई (१७) को बुझौवलले बुझाएको छ ।

## ५.२ वेशभूषा र आभूषण

लोक समुदायले प्रयोग गर्ने वेशभूषा र आभूषण आदि लोक संस्कृतिका उल्लेख्य अङ्ग हुन् (लामिछाने, २०७० : ३) । भोजपुरी समुदाय पनि परम्परादेखि विभिन्न वेशभूषा तथा वस्त्राभूषण प्रयोग गर्ने गर्दछ । परम्परागत भोजपुरी पुरुष मुख्यतः धोती कुर्ता र चप्पल लगाउँछन् । गाँधमा गम्छा राख्छन् । बुढा पुरानाहरू कतै हिँडेको बेला टाउकोमा पगरी वा मुरैठा बाँध्छन् । यस क्षेत्रका बासिन्दाहरूको लागि पगरी वा मुरैठा तथा जुँगा प्रायः उस्तै उस्तै प्रतिष्ठाको प्रतीक मानिन्छ (द्विवेदी, २०७२:१५) । जाडोमा गम्छाका सट्टा पछ्यौरा (चादर) ओढ्छन् । खुट्टामा टायरबाट बनाएको या चमरउ जुत्ता (स्थानीय चर्मकारद्वारा निर्मित) लगाउँछन् । लामालामा जुँगा, धोती कुर्ता, चमरउ जुत्ता, सेतो पगरी तथा हातमा काठ वा बाँसको लठ्ठी आदर्श भोजपुरी पोसाक हो (द्विवेदी, २०७२:१५) । कताकति पायजामा लगाउने चलन पनि छ ।

(१८) ऊपर चाकर, नीचे पातर, ई मत जनीहऽ गारी हऽ,
टाँग उठाके डालि देहनी, ई मत जनीहऽ गारी हऽ । (पाजामा)

(१९) चाम के चकती चाम के लोला,
चामे में हल, घच-घच होला । (जूता)

(२०) चार गो भुँइआ आ ऊपर से सँइआ । (खाट/चारपाई)

(२१) तौरा अँगना गइलीं त बिना मँगले देलू । (पीढा)

यहाँ (१८) देखि (२१) सम्मका गाउँखाने कथाका उत्तरमा आएका पाजामा, जूता, खाट र पीढा जस्ता वस्त्र, जुत्ता तथा बस्नका लागि प्रयोग हुने सामान रहेका छन् ।

भोजपुरी महिलाहरू भने धोती वा सारी ब्लाउज, झुला, साया वा सटुवा लगाउँछन् । नव विवाहित महिलाहरू सारीको सप्कोले टाउको छोपी घुम्टो काढ्छन् । विधवा महिलाहरू सेता लुगा लगाउँछन् । जाडोमा खास्टो (चादर) ओढ्छन् । गरिबहरू जाडो छल्न पुराना कपडाहरू खप्टी तगेर बनाइएको 'गुदर' ओढ्छन् । भोजपुरी

समुदायका यस्ता वस्त्र, वेशभूषाको समुल्लेख भोजपुरी बुझौवलमा पनि पाइन्छ ।

भोजपुरी पुरुषहरू सिँगरपटार गर्दैनन् । यो मुख्यत: महिलाको विषय हो । महिलाहरू भने सिँगारपटार गर्छन् र विभिन्न आभूषण लगाउँछन् । उनीहरू कपालमा तेल लगाउँछन् । थाँकोले कपाल कोर्छन् । चुल्ठो बाट्छन् । विवाहित महिलाहरू सिन्दुर लगाउँछन् । क्लिप (चाँप) लगाउँछन् । आँखामा गाजल, हातमा मेहेन्दी र पाइतालाका किनारमा रातो रङ लगाउँछन् । नाडी (कलाई) मा रङ्गीन चुरा लगाउँछन् । गच्छेअनुसार औँठी, कन्ठी, सिक्री, मङ्गलसूत्र, पाउजेब आदि आभूषण लगाउँछन् । यस्ता आभूषण आदिलाई विषय बनाई बुझौवल जुराई प्रयोगमा ल्याएको पाइन्छ । भोजपुरी महिला शिरमा सिन्दुर, नाडीमा चुरा, नाकमा नथनी, पाउमा पाउजेब र कानमा मुन्द्री वा टप लगाउँछन् । उनीहरू गोदना पनि गोदाउँछन् । यस्ता कुरा भोजपुरी बुझौवलमा पनि पाइन्छन् । जस्तै :

(२२) सइँया डालेलन् एक बार, हम डालिला बारबार । (सिन्दूर)

(२३) पसीन परल कब, ते हाथ पकडपकड तब,
इस-आस कब, ते आध गइल तब,
सुसुत परा कब से सौंसे गिया तब । (चूडी पहनना)

(२४) अइली देखली ऐसन भेद,
छेद में छेद तेह में छेद । (नथ/नथुनी)

(२५) फले न फूले लगे न काई,
बारह मास रहे हरियाई । (गुदना)

(२६) अक्कड लकडी के जक्कड बंधना,
नइ जानबे त:चाव दिही पाहुना । (ककही[३])

यहाँ (२२) देखि (२६) सम्मका बुझौवल महिलाका प्रशाधनसँग सम्बन्धित छन् ।

## ५.३ खानपान

खानपान समुदायको पहिचान र संस्कृति पनि हो । दाल, भात, तरकारी र रोटी भोजपुरी समुदायको मुख्य खाना हो । तरकारी, धान, गहुँ, दलहन र तेलहनको पर्याप्त खेती हुने हुनाले भोजपुरी समुदायलाई खानामा कन्जुस्याइँ गर्नु पर्ने अवस्था देखिंदैन । आफ्नो जग्गा जमिन नहुनेले पनि जमिनदारको खेतमा काम गरेर रोजीरोटी चलाएको हुन्छ । रोटी, अन्डा, पान, दूध, दही, घिउ, मोही आदिलाई लिएर भोजपुरीमा बुझौवल बनेका र प्रयोग भइआएका छन् । अहिले हटे पनि हुक्का चिलिम खाने व्यापक प्रचलन थियो ।

[३] काइँयो

(२७) डालत क लुजलुज निकारत क सोसवाय,
वही के सब प्रेम से खाय ।　　　　(रोटी)

(२८) लावत खा गुलगुल, निकालत खा कठेन ।　　　　(पुआ÷ खिर)

(२९) इ कैसन कमाल, डाले हरियर निकलेला लाल ।　　　　(पान)

(३०) फरे न फुलाय, भर-भर दौरी बिकाय ।　　　　(नमक)

(३१) एगो बर्तन दुगो रंग,
बूझो नाहीं त होब तंग ।　　　　(अन्डा)

(३२) दूधेक जान, दही क॒ बच्चा,
खालें सब जने कच्चा, पक्का ।　　　　(मक्खन)

(३३) खीचों पानी आवे धुआं, ई बतलाव कैसा कुआं ?　　　　(हुक्का)

(३४) तीन सौ चुटकी, नब्बे ताल,
तब जहरीला उदारे गाल ।　　　　(खैनी/सुरती)

यहाँ (२७) देखि (३४) सम्मका बुझौवल खानपानसँग सम्बन्धित छन् । यी बुझौवलले भोजपुरी समुदायले परम्परादेखि उपयोगमा ल्याएका खाद्यवस्तु र खानपानलाई बुझाएका छन् । स्वास्थ्यका लागि जति हानिकारक भए पनि हुक्कामा तमाखु हालेर खाने प्रचलन थियो र त्यो प्रतिष्ठाको विषय हुन्थ्यो, कुनै बेला । सुर्ती, खैनी अझै खाँदैछन्, मानिसहरू ।

## ५.४ जातजाति र नातागोता

समाज विभिन्न पारिवारिक सम्बन्ध वा नातागोतामा बाँधिएको हुन्छ । पती पत्नी, सासू ससुरा, बाबु छोरा, बाबु छोरी, आमा छोरा, आमा छोरी, मामा, गुरु, सानिमा (मौसी), पुसाजु, काका भतिजा, नाति नातिनी आदि अनेक नाता सम्बन्धहरू छन् । गाउँखाने कथामा यस्ता नातागोता बोधक शब्द परे पनि उत्तरमा नाता आउँदैन (लामिछाने, २०७०:५) । भोजपुरी बुझौवलमा पनि यस्तो कमै पाइन्छ । केही उदाहरण :

(३५) सासु कुमारी बहू पेट से, ननदि सठउरा खाई,
देखनिहार का लइका भइले, बाझ बिआवन आई ।　　　　(कपास)

(३६) बाप खेत में, पूत पेट में,
नाति बिआह करे गेलन । (धुआं)

(३७) बाप गरम बेटा ठंड,
पोता चिक्कन छह-छह । (दूध, दही और घी)

(३८) बाप जमहीं के रहले, पूत पिछुआरी गइले । आग और धुआं

(३९) माई पातरि, बेटी चाकरि, बेटा हुमना । (कुम्हडा/लौकी)

यहाँ (३५) देखि (३९) सम्मका बुझौवलका संरचनामा सासू, बुहारी, आमा, बाबु छोरा नाति, नन्द जस्ता नाताबोधक शब्द आएका छन् ।

## ५.५ घरायसी उपकरण

भोजपुरी समुदायमा आर्थिक विभेद छ र त्यसको झल्को तिनका घरले पनि दिन्छन् । धनीको पक्की घर, मध्यम खालका मानिसहरूको खपडाको घर र गरिब गुरबाको फुसको घर हुन्छ । त्यसैले घरबाटै उसको सम्पन्नता र विपन्नता बुझ्न सकिन्छ । पाल्तु गाईवस्तुको चारो भण्डार गर्न भुसउल बनाइएको हुन्छ भने गुइँठा चिपरी र कुर्सी भण्डारण गर्न गोठउल बनाइएको हुन्छ (द्विवेदी, २०७२:१५) भोजपुरी बुझौवलमा यथास्थान यस्ता वस्तुको पनि उल्लेख पाइन्छ ।

लोक समुदायले परम्परादेखि उपयोग ल्याएका घरेलु उपकरण पनि लोकवार्ता वा संस्कृतिका पहिचान हुन् । लोक समुदायले आफ्नै सिपद्वारा बनाएका वस्तु वा उपकरण मात्र होइन, यता आएर औद्योगिक उत्पादनजन्य वस्तु पनि लोकले प्रयोग गर्दै आएको छ । भोजपुरी बुझौवलमा चकला, ढिकी, जाँतो, सिलौटो, लोहोरो, चिलिम, छुरा, माटाका भाँडा, घडा, ताडको पंखा, मुढा, मदानी, मचिया/पिर्का आदि वस्तुहरू आएका छन् । केही उदाहरण :

(४०) चार पांव की चप्पे रानी, नित उठि नहासु,
दालिभात के मरम न जानसु, कांच रोटी खासु । (चकला)

(४१) करिया कुत्ती, बन में सूती,
एक लात मारे फुटुक दे उठी । (ढेंकी)

(४२) चार टांग धके मिलाये,
एक सींग धके गावे,
एक हबर-हबर नावे । (जाँता)

(४३) छाती से छाती लडे, लडे छेद से छेद
घिसिर-घिसिर कइला से निकले ऊजर सफेद । (जाँते में आटा पिसना)

(४४) माथ पर मोटरी, चूतड में लकडी । (चूल्हा)

(४५) करिया खँसी, देवाल पर हँसी । (ढिबरी)

यहाँ (४०) देखि (४५) सम्मका बुझौवलले भोजपुरी समुदायले परम्परादेखि उपयोगमा ल्याएका घरेलु उपकरण चकला, ढिकी, जाँतो, चुलो, ढिबरी आदिलाई बुझाएका छन् । कष्टका साथ उत्पादन गरेका धान, गहुँ, मकै आदिलाई कुटपिस गरी खानका लागि तयार पार्न कुनै न कुनै उपकरणको आवश्यकता पर्छ । चकला, ढिकी, जाँतो आदिले त्यसको परिपूर्ति गरी आएका छन् ।

## ५.६ लोकविश्वास र मूल्य मान्यता

गाउँखाने कथामा लोकसमुदायमा परम्परादेखि चलिआएका विश्वास, आस्था र मूल्य मान्यता कताकति प्रकट भएका हुन्छन् । धर्म र देवी देवताका विषय पनि कमै आएका हुन्छन् । गाउँखाने कथाको मुख्य प्रयोजन मनोरञ्जन भएकाले यसो भएको हुन सक्छ । भोजपुरी बुझौवलमा पनि धार्मिक प्रसङ्ग, देवी देवता, तिनप्रतिका आस्था अनास्था खासै प्रकट भएको पाइँदैन । तथापि केही पौराणिक पात्र, चरित्र, लोकविश्वास आदि छिटफुट रूपमा बुझौवलमा आएकै हुन्छन् । जस्तै :

(४६) चार पहर चौबीस घडी,
ठाकुर पर ठकुराइन चढी । (तुलसी दल)

(४७) चूमा लेले चिचिआके उठे । (शंख बजाना)

(४८) छाती फाटल, कपार पर घाव,
ठाकुर घर में ओकर ठाँव । (शंख)

यहाँ (४६) देखि (४८) सम्मका बुझौवलले भोजपुरी समुदायको विश्वास र मूल्यमान्यता आदिलाई बुझाएका छन् ।

## ५.७ भूगोल प्रकृति

मानिस आफू बसेको वरिपरिको प्रकृति, भूभाग र खगोलबाट प्रभावित र अनुप्राणित भएको हुन्छ । भोजपुरी समुदाय पनि प्रभावित भइआएको छ । त्यसैले उसले भोगेको, देखेको र चलनचल्ती गरेको बनस्पति, प्रकृति, भूगोल र खगोलीय केही वस्तु र विषय बुझौवलका विषय बनेका छन् । असिना (ओला), आकाश, चन्द्रमा,

सूर्य, तारा, आगो, पानी, शीत (ओस), धुवाँ, बादल, हावा जस्ता खगोल र प्रकृतिका वस्तु, जुम्रा (ढिल) लोखर्के (गिलहरी), जुका, लामखुट्टे, सर्प, भ्यागुता, बिरालो, गाई, भैंसी, बाँदर, हात्ती, बिच्छी आदि जीवजन्तु, बाँस, जामुन, इमली, सुपारी, महुवा, गुलर (डुम्री), बबुल, नारियल, पिँडालु (ओल) आदि बोटविरुवा वा वनस्पति बुझौवलमा आएका पाइन्छन् । केही उदाहरण :

(४९) मोती भराइल औंधा थाल,
एको ना गिरे कैसन कमाल । (आकाश और तारे)

(५०) खर खाये बढ जात,
पानी पीये मर जात । (आग)

(५१) बाप खेत में, पूत पेट में,
नाति बिआह करे गेलन । (धुआँ)

(५२) कारी गाय दूध करे झर-झर । (बादल और बारिष)

(५३) अँगना में कचबच, बारी में तऽ हइये ना,
अइसन फल खइहऽ कि ओकरा में बोकला तऽ हइये ना । (ओला)

यी उदाहरणमा आएका आकाश, तारा, आगो, धुवाँ, बादल, वर्षा असिनालाई कथ्यविषय बनाइएको छ । यी खगोल र प्रकृतिका अङ्ग हुन् ।

(५४) कारा, पर कौवा नहीं, उठब पर हौवा नहीं,
नाक से करत आपन काम, तु ही बतावा ओकरा नाम । (हाथी)

(५५) हड्डी-गुड्डी मुण्डी नै, चमक चोइयाँ रोइयाँ नै । (जोंक)

(५६) काली वन में रहेलिन,
लाल पानी पिएलिन् । (जूँ/ढील)

(५७) काला है, पर कउआ नाहीं,
पेड चढे, पर बन्दर नाहीं,
कमर पातर, पर चीता नाहीं । (चिंटी)

(५८) चम्मक चोय्याँ रोय्याँ नै,
चार टेंगरी नेंगरी नै । (मेढक)

(५९) चलै में लचपच बैठे में चक्का,
हाथ नै गोड नै, मारे लचक्का । (साँप)

(६०) पूरब देश से आई सिरिया,
अन्न खाय पानी किरिया । (घुन)

(६१) जेकरा घर में भैंस न गाय,
उहे दूध मलाई खाय । (बिल्ली)

यी उदाहरणमा आएका हाथी, जोंक, जूं, चिंटी, मेढक, साँप, घुन र बिल्लीलाई कथ्यविषय बनाइएको छ । यी प्रकृतिका पशुपन्छी हुन् ।

(६२) छोटी मुकी रहनी त भगई पहिरनी,
जब बड भइनी तब नँगटे रहनी । (बाँस)

(६३) बन में हँसुआ टाँगल बा । (इमली)

(६४) एक पेड दमदार, बतिया लाग नव हजार,
सुग्गा अइले रो गइले, घुन अइले फोरि खइले । (सुपारी)

यी उदाहरणमा आएका बाँस, इमली र सुपारीलाई कथ्यविषय बनाइएको छ । यी वनस्पतिका उदाहरण हुन् ।

## ५.८ खेलकुद तथा वाद्य सङ्गीत

लोकसमुदाय परम्परागत खेल खेलेर, नाचगान गरेर, बाजा बजाएर रमाइलो गर्दछन् । भकुन्डो खेल्ने, थरीथरीका पिङ खेल्ने, डन्डीबियो खेल्ने, मादल, तबला, ढोलक, सनै आदि बाजा बजाउने गर्दछन् । भोजपुरी बुझौवलमा यस्ता र वाद्य सङ्गीतको प्रयोग पाइन्छ । केही उदाहरण :

(६५) नाथल भँइसा भडभड बोले । (ढोलक)

(६६) बोलवला पर बोलते नइखे, पिटला पर चिल्लाई । (ढोलक/तबला)

(६७) एक कहानी मैं कहूँ, सुन ले मेरे पूत ।
बिना परों के उड गया, बाँध गले में सूत । (चङ्गा)

यी उदाहरणमा ढोलक, तबला र चङ्गालाई कथ्यविषय बनाइएको छ । यसका साथै भोजपुरी समुदाय नगडा, मृदङ्ग, मादल आदि वाद्यवादनको प्रयोग गर्छ । कबड्डी, डन्डीबियो (गुल्ली डन्डा) आदि खेल खेल्छ । थरीथरीका झुला झुल्छ । बच्चाहरू लट्टु खेल्छन् । चङ्गा उडाउँछन् ।

## ६. निष्कर्ष

नेपालको तेस्रो ठूलो भाषिक समुदाय भोजपुरी समुदायमा परम्परादेखि लोकसाहित्यिक विधाहरू प्रयोग प्रचलनमा रहेका छन् । गाउँखाने कथा एउटा त्यस्तै विधा हो । भोजपुरी भाषामा गाउँखाने कथालाई बुझौवल भनिन्छ । बुझौवल आफैँ पनि अमूर्त सांस्कृतिक सम्पदा हो भने भोजपुरी बुझौवलमा कृषि तथा तत्सम्बन्धी वस्तुहरू, वेशभूषा र आभूषण, नातागोता, खानपान, घरेलु उपकरण, लोकविश्वास, भूगोल प्रकृति र खगोल, खेलकुद वाद्य सङ्गीत आदि विषयवस्तुका रूपमा आएका छन् । बुझौवलमा आएका खेतीपाती गर्ने, पशुपन्छी पाल्ने, विशिष्ट वेशभूषा लगाउने, काँधमा गम्छा राख्ने, गुइँठा पाथ्ने आदि भोजपुरी समुदायका वैशिष्ट्य हुन् । यस्तै, गाईवस्तुको चारा भुसा राख्न भुसउल, गुइँठा आदि राख्न गोठउल हुनु, कृषिलाई मुख्य जीविकोपार्जन बनाउनु आदि पनि भोजपुरी समुदायका वैशिष्ट्य हुन् । भोजपुरी बुझौवल अनेक रूपाकृतिमा अभिव्यक्त भएका छन् भने ती प्राय: कवितात्मक र तुकबन्दीयुक्त ढाँचामा रहेका छन् । तिनको सम्पादनमा नेपाली गाउँखाने कथामा झैँ उत्तर नजान्दा गाउँ माग्ने, गाउँ दिने र गाउँ खाने र सोध्नेले नै उत्तर बताइदिने ढाँचा वा कथनपद्धति छैन । तथापि समस्याको निदान वा समाधान दिनुपर्ने अर्थात् बुझ्नु पर्ने बाध्यता भने अवश्य छ । बुझौवलको प्रमुख प्रयोजन मनोरञ्जन भएकाले तिनमा अर्थबोध नहुँदासम्म अश्लील लाग्ने कथन वा वाक्यगठन पनि कताकति देखिन आउँछ । तथापि अर्थबोध (निदान) भएपछि त्यो स्वत: अन्त हुन जान्छ । लोकसमुदायले कुनै वस्तु वा देशदुनियाँलाई यसरी पनि हेर्छ, बुझ्छ र प्रयोग गर्दछ । यस्तो व्यापक सांस्कृतिक महत्त्वको बुझौवल प्रयोग प्रचलनबाट हटेर लोपोन्मुख अवस्थामा रहेको पाइएकाले यसको व्यापक तथा समुचित सङ्कलन र संरक्षण गरी अभिलेखीकरण गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भसूची


अश्क, गोपाल (२०६१). *भोजपुरी नाटक.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

उपाध्याय, कृष्णदेव (सन् २००८). *भोजपुरी लोकसाहित्य.* द्वितीय संस्करण. वाराणसी : विश्वविद्यालय प्रकाशन ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६९). *नेपालको राष्ट्रिय जनगणना २०६८.* काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग ।

ठाकुर, गोपाल (२०७२). 'भोजपुरी भाषाको स्वरूप र सम्भाव्यता'. *मधुपर्क*. पूर्णाङ्क ५५३. असार, पृ.५-९ ।

द्विवेदी, उमाशङ्कर 'दधीचि' (२०७२). 'भोजपुरी संस्कृति सङ्क्षिप्त अध्ययन'. *मधुपर्क.* पूर्णाङ्क ५५३ असार, पृ.१४-१७ ।

पटेल, अरुणा (२०६८). "भोजपुरी भाषाका प्रत्ययहरूको अध्ययन" त्रि.वि., भैरहवा बहुमुखी क्याम्पस, भैरहवामा प्रस्तुत नेपाली स्नातकोत्तर शोधपत्र (अप्र.) ।

पाण्डेय, पृथ्वीराज (२०७२). 'भोजपुरी भाषाको उत्पत्ति र विकास'. *मधुपर्क.* पूर्णाङ्क ५५३. असार, पृ.२४-२८ ।

पोखरेल, बालकृष्ण (नि.) (२०६७). *नेपाली बृहत् शब्दकोश.* सातौं संस्करण. काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौड्याल, शालिकराम (२०६५). *रूपन्देही जिल्लाको कविताको इतिहास : सर्वेक्षण र विश्लेषण.* बुटवल : लेखक स्वयम् ।

प्रसाद, दिनेश्वर (सन् १९७३). *लोक साहित्य और संस्कृति.* इलाहाबाद : लोक भारती प्रकाशन ।

बन्धु, चूडामणि (२०५८). *नेपाली लोकसाहित्य.* काठमाडौं : एकता प्रकाशन ।

मिश्र, विक्रमादित्य (सम्पा.) (२०३८). *पहेली कोश.* पटना : विहार राष्ट्रभाषा परिषद् ।

लामिछाने, कपिलदेव (२०६८). *नेपाली गाउँखाने कथाको अध्ययन.* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

..., ... (सन् २०१४). *'नेपाली पहेली में सांस्कृतिक सन्दर्भ'.* शब्दार्थ लोकसाहित्य विशेषाङ्क. अङ्क १०. पृ.४२-४७ ।

..., ... (२०७०). *'नेपाली गाउँखाने कथामा प्रतिबिम्बित लोकजीवन'.* नेपाली लोकवार्ता तेस्रो राष्ट्रिय सङ्गोष्ठी, धनगढीमा प्रस्तुत गोष्ठीपत्र (अप्र.)।

..., ... (२०७२). *'रूपन्देहीमा प्रचलित भोजपुरी गाउँखाने कथा'.* मधुपर्क. पूर्णाङ्क ५५३. असार, पृ.२५-३७ ।

..., ... (२०७१). *'नेपालको भाषिक अवस्था'.* प्रज्ञा. पूर्णाङ्क ११०. असोज-चैत्र. पृ.१-१३ ।

सिंह, राजेन्द्रप्रसाद (सन् १९९१). *हिन्दी पहेलियों का सांस्कृतिक अध्ययन.* नयी दिल्ली : भूमिका प्रकाशन ।